# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरमटार कुभिण्डे, खोटाङ
१ नं प्रदेश, नेपाल

Website :rawabesimun.gov.np
Email Adress:rawabesigaupalika@gmail.com


पत्र संख्या :-२०७८/०७९
चलानि नं.: 983

मिति-२०७८/०५/०९

श्री अध्यक्ष ज्यू
रावा वेंसी गाउँपालिका ६ वटै वडाहरु , खोटाङ

विषय- उपभोक्ता समिति गठन वारे ।

उपरोक्त सम्वन्धमा यस रावा वेंसी गाउँपालिकाका आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम अनुसार विनियोजित वजेटवाट त्यस वडा अन्तर्गतका सम्पूर्ण योजनाहरुको **उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५** वमोजिम तपशिलका सिमाभित्र रही उपभोक्ता समिति गठन मिति २०७८/०६/३० गतेभित्र सम्पन्न गर्नुहुन र सम्झौताका लागि मिति २०७८/०७/१५ भित्र यस गाउँपालिकाको कार्यालयमा पठाउँनुहुन अनुरोध छ ।

तपशिलः

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ

(च) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(छ) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(ज) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

२०७८/०५/०९

.................................
रेख वहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

.................................
लिलानाथ निरौला
अध्यक्ष

लिला नाथ निरौला
अध्यक्ष